# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

वैशाख वदी ४ रोज ६

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलबाट चह्राई पठायाको षुवुवङ्म्याटि लेलामा र श्री गोरखनाथ पल्टनका सिपाहि जना २ लाई येसैका साथमा टिंगरिसम्मको षवर वुझ्नु भनि पठायाको थियो. उनिहरुले ल्यायाको षवरमा कुकुरघाटदेषि झुगालाई ३ दिनमा पुग्न्या रहेछ १ दिन हिवैहिउ हिड्न पर्न्या रहेछं वहापछि षोलैषोला तेर्छो बाटो हिडी विचमा ८ साघु भयामध्ये २ सांघु भत्क्याको रहेछ हिउले पुऱ्याको रहेछ हिउले मात्र बाटो रोकन्या रहेछ. विच वाटो रोकिन्या रहेन छ. २ दिनका वाटालाई घासदा रुवा पाइन्या रहेनछ न ज्यान छ झुगा पुग्न्यावेलामा किल्लाको मुषमा पुग्यापछि ४ जना मानिस आई जाहा वाहिर नवस. हिड माथि भनि हाम्रा सिपाहिलाई ढेवा भयाको ठाउंमा लगेछ र किन आयौ भनि ढेवाले सोध्दा के छ कसो छ भनि षवर वुझ्न पठाया र आञ्यु भनि हाम्रा सिपाहिले भनेछ र जाहा माथि निरको षवर केही आयाको छैन. जाहा रैयेत र केही भाग्या केहि छन् फौज आयो भन्यादेषि हामि हात जोडनु पनि सक्तौन लडन पनि सक्तौन फौज आयो भन्या हामी छोडी जांछौ भनि हाम्रा मानिससंग भनेछ. झुगादेखि पर ३ दिनको बाटोमा डीगुर भन्याको जगामा जान्याले ल्यायाको षवर टंकेलि लामालाई मान्यो भनि षंवाले सुनेछ र सेठा काजिलाई मारि हामी छोडदौन भनी ३००० मानिस ली आयाको छ भनि षवर ली आयेछ गोर्षालिसंग हाम्रो क्या पऱ्याको छ गोर्षा लड्लाता हामि पनि लडौला गोर्षा लडोइन त हामी पनि लडदौन हाम्रो लामालाई येसले मान्यापछि येसलाई हामी नमारी छोडन्या छैनौ भन्छ सेठ्याजि र ल्हाच्यीमा छ भन्या षवर ली आयेछ. झुगाका अर्थलाई हिउले मात्र रोक्याको रहेछ घाम २।४ दिन लाग्यो र हिउले छोड्यो भन्या सरहुन्याछ भन्या वेहोराको अस्ति लेषि चह्राई पठायाको हो. श्रीनाथसंगका ३ पल्टन पुग्यापछि हिउले बाटो छोड्यासर गर्नु भन्या मर्जि आयाको भनि पल्टन पनि आयाको छैन हिउले पनि छोड्याको छैन. झुगाका अर्थलाई अरुहरुलाई पनि पठायाको छ. सलतन पनि वांधी सक्याको छ. हिउले छोड्न्या वित्तिकै सरहुन्या छ. हजुरका अकवालले सये पचास मात्र पठाई वक्सनु भया पनि सर हुन्या छ. हजुरको जैले मर्जि आउंछ सर हुन्छ अँह्ले र हाम्रो दोभास्या रामनारान र सुवेदार सम्सेर ज्मादार जैगज लिम्वु झुगामा वस्याका छन ४।५ जना मानिस वस्दा पनि केही गर्न भन्न सकेन भन्या उसले सौ पचासले पनि सर हुन्याछ भन्या विन्ति चह्राई पठायाको

हो. हजुरको मर्जि नम्राई पठाउन्या छैन. सलतनका अर्थलाई आफूले जान्यासम्म वांधी सक्याको छ. मानिस पनि झुगामा वस्याका छन् जसलाई पठाई वक्स्या पनि सर हुन्या छ मुकाम पाँसिटार शुभम्—

पुर्जी

टकेली लामालाई सेठ्याकाजीले मारी पोल्याको हाड र रौं वषति लाग्छ यो औतारि लामा हुन् भनि भोटमा अलि अलि वांडी ली सवैले जंतमा हाली लिरहेछ केरुमा पनि येक जनासंग मैले पनि देष्या

वैशाष वदि ४ रोज ६ मा

श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरलके लेषि गयाको लामाहरुका गुम्वा र झुगामा वस्न्या गुम्वाको तायेदात गर्नलाई राष्याको छ भनि लेष्याका कुरामा तायदात ठहर्दैन लुट ठहर्छ यो कुरा वेमुनासिव ठहर्छ भनि लेषि वक्स्याका कुरालाई मुनासिव मर्जि भयो तर मैले लायाको काम सुनाचांदि घ्यु चावल नगद जिनिसमा तायेदात. गर्न लायाको होइन जस्तो हाम्रो गुठी सदावर्त हो उस्तै घ्याङ गुम्बाका लामा वस्याका रह्या छन् इनैका तालुकमा गाउं मानिस चौरी भेडा गदाहा षचर रहदो रह्या छन् हामि केरु पुग्यापछि सवै लामा घ्याङ गुम्वा झुगाका गुम्वाका मानिस भेट गर्न आउदा अइन वमोजिम मोहर दस्षत वाचि सुनाउंदा षुसि भै घोक हालि ह्यामीले क्या गर्नु पर्छ भनि सोध्दा तिमीहरुले २ फेरा गुहार दिनु पर्छ. चौरी घोडा गदाहा षचरले केरुको रसद झुगामा पुन्याई दिनु मानिसहरुले टिमुन्याको रसद केरुमा ल्याई दिनुपर्छ भन्दा षुसिसंग कवुल गन्या र तिमीहरुका तालुकमा चौरी भेडा गदाहा षचर कति छन् भनि सोधदा उनैका मुष जवानले दियाको तायेदात गन्याको हो भन्या विस्तार लेष्याका अर्थ वढीया लेष्या छौ. अघिको चिठीमा यो वेहोरा षोलि लेषिन आउदा र लामाका गुम्वा झुगामा वस्न्या गुम्वाको तायेदात गर्न लायाको छ भन्या लेषि आउंदा वेमुनासिव गन्या छौ भन्या रीसाई लेष्याको हो चौरी भेडा कति छन् भनि सोधदा उनका मुषले दियाको तायेदात र च्यांग्रासि देवताको पूजा वन्द हुदा पुजाका भाडा तायेदात गरि पुजाहारीका जिम्मा लाईदिन्या काम वहुत वढिया गन्या छौ. येस्मा तिमीदेषि वहुत षुसि भञा. चौडी भेडा गदाहा षचरले केरुको रसद झुगामा पुन्याइ दिन्या र मानिहरुले टिमुन्याको रसद केरु पुन्याउन्या यो वन्दोवस्त पनि वहुत वढीया भयेछ केरुमा आड ४ हिसामा ३ हिसा सकियो येक हिसा वाकि छ २ पल्टनले आड वनाउछ येक पल्टन कुकुरघाटमा गै झुगालाई दारुवा काटन जान्छन् झुगामा घास दारुवा मिल्दो रहेनछ भन्या विस्तार वढीया लेष्या छौ येक पल्टन झुगालाई दारुवा कटाउन्या र २ पल्टनलाई आड वनाउन लाउन्या काम वेस भयेछ भाग्याको पिपाको कागज पठायाको आइपुग्यो. भाग्याका पिपालाई चौकिमा मानिस थपि दिन्या काम गर्नु फौज चलाउ भन्या आजकाल हिउ पर्नाले पल्टन जान मुस्कील छ भनि लेष्याका कुरालाई तिम्रा तजवीजले फौज नविग्रन्या पाठसंग काम गर्न तिमी जान्यै छौ र झुगामा रसद जमा छ भन्या त्यो रसद सर्कारीया जंगी हतियार षोसि लिनु रैतिका घरमा नलुटनु शुभम्—

वैशाख वदि ५ रोज ७

तस्तै वखत श्री प्राइम मिनिष्टरका हजुरमा श्री जनरल वद्रीनरसिंह कुवर राणाजिले चह्राई पठायाका कपतान अम्वरसि कुवर राणाजी र ज्मादार हुदा स्मेत १ पट्टी सिपाहि चैत्र शुदी १४ रोज १ मा मुस्ताङ दाखिल भै गोदाम घर लाही मुस्ताङ गीरोजाले आफ्नै दर्वारमा दिया नीज घरलाई हर्कट हुन्या छैन हिउले र अजसम्म बाटो षुल्याको छैन लाहाका वासिन्दालाई सोध्दा वैशाषका २।४ दिन वाकिमा वाटो षुलछ भन्छन् रसद र जनावरलाई वरावर तगेदालाई रह्याछु झुगा १०।१२ दिनको वाटो रहेछ. वस्ति केहि छैन भंछन् वेगर पालले जानुहुन्या रहेनछ. कस्ता तरहले फौज षजाना लैजान्या हो. वरफ र ठंडीले हामीसंग आयाका मानिस गैह्र वेरामी भैरह्या छन्. तागत कसैको छैन मर्जि वमोजिम भेस छपाई झुगा तरफ पनि क्यातवर रहेछ भनि मानिस पठाउन्या काम गन्या छ की सनां गाउ हिउले वाटो वन्द हुंदा रसद जनावर आइसकेन. षुल्या पछि तगेदा गरुला भाउको दरवंदी गरि ७ हजार

अाक्पावया गाउ वाह्र गाउ र ३ हजार मोस्ताङमा रसद त्याउनु भनि उर्दि दियाको छ अनाज भन्या महंगो रहेछ टिमुन्याका दर उठाउ भन्या रसद पुग्दैन जगेरा कति राषनु. रसद कति हजारको षरीद गर्न्या हो मुस्तांगीलाई रसद भर्ना गर्नु र सिपाहिलाई पनि वेसाहा दिनु पर्दा मुस्कील भैरहेछ. सिपाहि पिपा गैह्र र षाना वहार मन्यौ दोचावषु नभै हुदो रहेनछ भनि साह्रै कराउंछन् कसो गर्न्या हो भनि मजकुर कपतानले लेषि पठायाको रह्या छन् रसद जनावर इझारमा लेषिया वमोजिम तयारगरि राषनु. अरु कुरा र साधक पठायाको छ जवाफ आया वमोजिम गरौला भनि नीज कपतानलाई लेषि पठाउन्या काम गर्न्या. येस्कुरामा यस्तो गर्नु भन्या चाडो षुलासा सिक्ष्या वक्स्या. सो मुताविक लेषि पठाउन्या काम गरुला. रसदका १० हजारमध्ये श्री भाई लेफटेन कर्णैल जङ्गध्वज कुवर राणाजीले सुनस्मेत ७ हजार दिन्यै छन्. वाकि ३ हजारको सुनस्मेत दिनु भन्या मजकुर लेफटेन कर्णैललाई लेषि वक्स्या वढीया होला मुतान्सेन शुभम्–

<u>वैशाख वदि ५ रोज ७ मा</u>

ताहापछि श्री प्राइममिनिष्टरवाट श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणाजीलाई लेषि गयाको आकास्या साघु र वाइस्या भन्याङ भत्कायाको अविका पत्रले जाहेर भयो हो फेरी फट्क्या हाली छोस्याङदेषि माथिसम्म वुझ्नु पठाउदा काठको सांघु १ फल्याकका सांघु १ कोठ्या सांघु १ ज्मा सांघु ३ भत्कायाका छन् अव माथितिर झन वाटो विगार्नन् भन्या मनमा लाग्यो र कौनै जुगुतिसंग पनि १ पल्टन कुतिसम्म पठाई वांकि पल्टनलाई रसद वोकाउन्याको चाजो मिलाई फर्कन्या काम गरुंला भन्या विस्तार वढीया लेष्या छौ कुतिसर नगरंजिसम्म तेस्तै गर्न्या छन् चाडो कुतिसर गर्न्या काम गर्नु वांकी ल्हासाका वडा अम्वावाट लेषि आयाको चिठीको नकल र उत्तर लेषि गर्न्याको मसौदाका नकल पठाई दियाको छ. विस्तार तेसैले वुझौला शुभम्–

<u>वैशाख वदि ६ रोज ७ मा</u>

तस्तै वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणाजीवाट चह्राई पठायाको सुकवारका षवर दिनको ७ घडी चढंज्याल पल्टनलाई भात षुवाई तयार गराई घडी ९ चढ्या पछि लडाईमा पल्टन कुच गरि लै गयौं र उस तरफवाट ढुंगाको आड पयेड वांधी सात मुष गरि वंदुकले वरोवर हान्यो हामीले पनि पल्टनलाई वचाउ हुन्या गरी ठाउं ठाउंमा अफिसर राखि पांच मुष गरी लड्यौ उनिहरू वस्याका टिपाटिपामा तोपले र रैफल वंदुकले हान्दा ७ घडीसम्म दोहरो लडाञी भयो. हिउं पनि वरोवर वषि रह्या वरोवर १ पनि तोपको र रैफल वंदुकले हांदा र पांच मुष गरि पैली लैजादा टिकन नसकी भाग्यो अघिका अर्जिमा अंदाज लष्कर जवान येति होला भन्या लेषि पठाई पठायाको हो उस्तरफका लस्करका तहकितको ज्मा कुति पुगि महाजन साहुहरू सित सोध्दा टिगरिवाट आयाको अफिसर झपन कप्तानी दर्जाको र नालवन्दी ज्मा जवान ३००० कुतिको र सुना गुम्वा फुटु गुम्वाको झाराली गरी जवान २००० ज्मा जवान ५००० तहकित रहेछ येसमघ्ये घाइत्या ५।६ वोकि लै गयो भनि भंछन् अरू र मन्याको हिउ ज्यादा वर्सदा तहकित गर्न सकियाको छैन हाम्रा तरफ भन्या गोलि लागि पाषि छेडी गोलि गयेछ लस्करलाई भन्या केही भयाका छैन कुति पुगि वाहा लि गन्यौ कुतिका महाजनहरू घर पनि उस्तरफका लस्करले लुटीयेछ. कुति सहरमा भोट्या रैयतहरू येक पनि छैन आज विहान वडार वडारमा लुकिरह्याको भोट्या रैयत पनि झिकाउन्या काम गर्न्या. तिनीहरूलाई हजुरको मोहर दस्षत वमोजिम वन्दोवस्त वांधी सनद गर्न्या काम गरुंला. सुना गुम्वामा लस्कर ज्मा भयाको छ भनि भंछन्. हाम्रो पल्टन येक हजार छ. सुना गुम्वामा ३ हजारसम्मको ज्मा गर्न्यो भन्या पनि कुतिमा आडपयेड गरी वस्यापछि केही गर्न सकन्या छैन. वरफ त मसिनो देषिछ. कालो वतै पनि देषिदैन येस वरफका पाहाडमा कम्वर कम्वर सम्मको हिउमा फाल हालि अफिसरको मिहिनत र सिपाहिको मिहिनतको जिगर हजुरमा काहांतक विन्ति चह्राई आडपयेर वाधन्या जगार जाहाको वन्दोवस्त वांधी भोलि तेस्तरफ कुच भै रवाना हुन्या छु शुभम्–

यो कुति जगासर भयाको षवर आई पुग्यै मात्र

यो षवर गौडा गौडामा पनि लेषि गैं बढाई भयो आहा पनि २१ तोप का सलामि भयो–
तस्तैं वषत श्री प्राइममिनिष्टरका हजुरमा नाइक्या राम सुन्दरले चह्राई पठायाको वैशाष वदि २ रोज ४ मा ल्हचिजुंवाट टिगरि आइपुग्या. टिगरिवाट वैशाख वदि ४ रोज ६ का दिन केरुंको वाटो गरि चरणको दर्शन गर्न आउंछु शुभम्–

वैशाष वदि ६ रोज १ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट चह्राई पठायाको षजाना र आगो पानिको वहुत वचाउ गरी सडन नपाउन्या गरि घाममा सुकाई फाट्याका पिपा मर्मट गरि संभारसंग राष्याको थिञ्यां घर वनाई राषनु भन्या मर्जि आउदा किल्ला भित्र २ घर वनाउनलाई आगो पानिको वचाउ हुन्यां गरि तैयार गरी राषन्या काम गर्‍याका रसद राषनालाई दाम दी राजि गराई घ्याङमा राषनु भन्या मर्जि आयाको रहेछ. केरुंमा सर्कारीया घर ठूलो षालि रहेछ र यसै घरमा राष्या वढीया होला भन्या चित्तमा लाग्दा ३०००।३५०० मुरी चावल आइपुग्या.आफु पनि गैं मेजर कपतान भैरव वहादुर पाडे र सुवाधन सुन्दर ढेवालाई अह्राई साफ गर्नलाई रसद राषन लायाको थिञा रसदका अर्थलाई सड्ला भनि धंदा मानि वक्सनु पर्दैन. टिमुन्या रसुवा जो सड्याको सड्यो अवर आफुले जान्यासम्म होसियारी गरि राषन्या काम गर्‍याको छु. आहाका अर्थलाई आज ३ दिन भयो घाम लागिरहेछ. पल्टन र भाई कां छ आजसम्म आइपुग्याको छैनन्. आहाका वैरामीका अर्थलाई हाजिर गरी तेरिजको ज्मा-वाट तपसीलका कागज चह्राई पठायाको छ. जाहेर होला भगुवाका अर्थलाई अस्तिको चिठीमा नाउ वतन पछी खोली पठाउनु भन्या मर्जि आयेछ षोलि चह्राई पठाउन्या काम गरुंला झुगा तिरको षवर र हाम्रो दोभास्या राम नारान र सुवेदार सम्सेर ज्मादर जैंगज लिम्वूलाई पठायाको छ. उनिहरूको षवर आया पछि निस्तुक लेषि चह्राई पठाउला केरुं देषि उभो र कुकुरघाटदेषि उध्वो वारि पारि गरी ५।७ वडा वडा रमाइलाटार रह्या छन्. तिटार माकुला पनि चल्दा रह्या छन् तलाउ पनि कहिंकहिं छन्. वनाउ भन्या पनि हुन्यारहेछ. उनै तारका माझामा आड् वनायाको छ. उपजनिलाई र करुडवामात्र पनि वल्ल वल्ल उवजन्या रहेछ हिमालयको अर्थलाई र चुह्लिदेषि फेदीसम्म हिउं पनि पर्दो वरोवरै हुन्छ २।४ दिन घाम लाग्यो भन्या आधासम्म पनि छोड्छ. चुल्हीमा अलिकति वादल देषियो भन्या कैल्हे तारा वदलि हुन्छ कैले हावाले उडाई लैजान्छ घाम पानिको ठेगाना छैन. हिउको चुल्हीचुल्हीमा अनेक लीहु अनेक आकार दुर्वीनले हेर्दा देषिछ. थिर रहंदैन वनका अर्थलाई भैरौपाति सुनपाति रुद्रस भन्या षोलामा र व्यासिमा छ. हिमालयेमा र षश्रुदेजा र धुपिका रुपराम हुदा. हिउको संजाफ देषिन्छ सिकारका अर्थलाई षासि षोलामा वहै षन्न्या ठाउ जस्तामा कस्तुरी वनेल कालीजको सिकार छ. हिउंका जोरजोरमा झारल डांफे विलि म्याफ गरास चिहिरको सिकार रहेछ. भिरमा घोरल भालुको सिकार छ वांध पनि छ भंछन् देष्याको छैन. सिकार षेलनालाई र माथि गया जारो र दम वृढदो रहेछ. व्यासिमा र षोला गड्याको छिज्याको रहेछ. चिठी लेषन्या वेलामा सिभुका लामा र चेटुले टिगरिवाट लेषि पठायाको चिठी आइपुग्दा वेजीनी सैताहा चह्राई पठायाको छ मुकाम पाङसि टार शुभम्–

लस्कर वेरामी ज्मा जवान– १३५

वैशाष वदि ६ रोज १ मा

श्री प्राइममिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलले चह्राई पठायाको झुगा जान्यां हाम्रो दोभास्या रामनारान र सुवेदार सम्सेर ज्मादार जैंगंज लिम्वु पनि वैशाष वदि ६ रोज १ मा आइपुग्यो झुगावाट ल्यायाको इनका मुष जमानको षवर झुगा जादा जघार साघु गरि ज्मा २८ तर्नु पर्दोरहेछ, हिउ भन्या आजकाल वाटामा २ कोस २।। कोस पर्‍यां रहेछ. अरु नागि पर्दछ दम वढछ भंछन् किल्ला भन्या मजगुटि रहेछ मकवानपुर भन्दा कम छैन ढोका २ छन् मजगुत छ किल्ला भित्र इनार पनि छ घर भन्या ८०।१०० को अंदाजी ६ इनीलाई राषि सिपाही वस्नु भन्या ठाउ छैन पाल टांगन पनि किल्ला भित्र ठाउ रहेनछ. परषाल भत्कायाको पनि वनाउन लागिरहेछ. ढेवाहरुले पनि हाम्रा मानिससंग भेट गरेनछ. हाम्रा मानिसले पनि भेटन गयेनछ. दुनियाहरू भन्या किल्ला भित्रका मानिस सवै भेटन आयेछन्. दुनियाले भनेको कुरा हामी मिल्यौं भन्या माथिको डरलाग्छ तिमीहरू आयौ भन्या हामीलाई माथिको डर हुन्या थियन भन्या अभित्र कुरो रहेछ मेरा

तजवीजले भन्या भाई जनरल जगत सम्सेर जङ्ग र पल्टन आइपुग्या पछि भैरवनाथ जंगनाथ पल्टन २ लाई तोप २ वम १ गरि रसद दारुवाषानाको वस्दोवस्त गरि पिपाषलासि पछिवाट आउन्या सिपाहि आहाका रैयेत चोरी घोडा गदाहा पचरको ताकित गरि आहा भाई श्री जनरल जगत्सम्सेर जङ्ग कुंवर राणाजीसंग २ पल्टन र मसंग ल्यायाको दोभास्या राम नारान भन्याको केरुंमा पनि वेस सलतन गर्‍यो आज झुगामा पनि वेस सलतन गरी आयेछ र तेसलाई रोजको रुपिया गरि भाई जगत्सम्सेर जङ्ग संग राषि दिया झुगामा पल्टन जादामा पनि साथमा जान्या छ. सलतन गर्न्यालाई वेस रहेछ. भाइसंग पल्टन रहेछ १ पल्टन पाला सग रसदको ताकिति र वोकन्या गर्ला १ पल्टन चौकि र दारुवा काटला मेरा चित्तले झुगा ठुले किल्ला रहेछ उस्को ५००।१००० फौज वस्यो भन्या हाम्रो १०१८ हजारलाई मुस्कील पर्न्याछिन् भन्दा अैल्हे र औसर पर्न गयाको देषदा पटाउन्या काम गर्‍या. अयेनमा पनि किल्ला षजानावाट् सर गर्नु भन्या हुनाले मैले अफिसरलाई कमान दिआ. भाई जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजी आइपुग्न्या वित्तिकै फौज कुच गर्छु थामनु भन्या मर्जि हुन्छ भन्या चाडो चाडो जवाफ पठाई वक्स्या थामन्या काम गरुंला पल्टन र जनरल भाई भन्या आजसम्म आइपुग्याका छैनन्. मुकाम पासिटार. शुभम्—

वैशाख वदि ६ रोज १ मा

श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरलके लेषियाको षवर पठायाका मानिसले ल्यायाको झुगा तरफको षवर विस्तार लेषि पठाउन्या काम वढीया गर्‍या छौं, तिमी ताहा वस्तैमा यो चिठी ताहा पुग्यो भन्या श्री पुराना गोरष १ श्री भैरवनाथ पल्टन १ ज्मा पल्टन २ र हलुका चार तोप पठाइ झुगाको किल्लासर गरि किल्लामा वलियो मजगुत गरि वस्नु लाप फौज आया पनि प्राण दि किल्ला नछोडनु भनि अह्राई पठाई किल्लासर भै मजगुत गरि वस्नु भन्या समाचार आया पछि तिमीले यटा आउन्या गर्नु आफुले नवढनु. केरुगा वस्नु जति सक्याको रसद झुगा पठाउन्या तर्किप वांधि दिनु किल्ला भित्र रसद षजाना राषदा वहुत संभारसंग तजवीज गरि राषनु भनि अह्राई पठाउनु. तिमी येस्तरफ हिड्या पछि. यो चिठी पुग्यो भन्या यो वेहोरा सुबै भाई जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजीलाई लेषि पठाई तिमीले आउन्या काम गर शुभम्–

वैशाष वदि ७ रोज २ मा

तस्तै वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजिवाट चह्राई पठायाको आजका १२ घडी दिन वांकि छंदा म पनि केरुं आइपुग्या श्री मिनिष्टर दाज्यैज्यूको दर्शन गरि वोलाहातको मोहर चह्राआ श्री मिनिष्टर दाज्यैज्यूवाट पनि हजुरमा विन्ति चह्राई पठाया वमोजिम झुगा जान्या तजवीजको उर्दि सवै सुनाइ वक्सनु भयो. सो बमोजिम मैले पनि पल्टनलाई उर्दि दिआ चौरी घोडा गदाहा षचरको ज्मा गरि तेरिजको कागज वक्सनु भयो. सो वमोजिम मैले पनि रसद वोकाई हिडाउन्या काम गर्छु श्री आहाको षवरका अर्थलाई केरुंको छोटा वडा रैयेत र घ्याङ गुम्वाको लामाहरू सवै ज्मा भै आधा कोससम्म वरावर लस्करका ताति लागि लिन आया. आया रह्याको पल्टनले पनि लिन आया. श्री मिनिष्टरका दाज्यैज्यूवाट आड वनायाका वहुतै वढीया जगा हेरी वक्सनु भयाको रहेछ. केही नसिद्धियाको काम तयार गर्छु. किल्लाभित्र षजाना राषन्या घर ३ पनि वहुतै वढीया जगा हेरी वनाउनु भयाको रहेछ. छाउनी पनि पल्टनलाई तजवीज सित ठाउं ठाउंमा विकट स्मेत गरि राषि वक्सन भयाको रहेछ ६ सैये केरुका लामा मुषिया मध्ये १०।११ जनाले आई षाता भेटको सलामी राष्या मुकाम पासिटार शुभम्—

वैशाख वदी ७ रोज २ मा

तस्तै वषत श्री प्राइममिनिष्टरका हजुरमा श्री विर्गेडियर जनरल षड्ग वहादुर कुंवर राणाजीले चह्राई पठायाको हामीले आहावाट लंगुर पार चेवा पठायाको मानिस आइपुग्यो. चेवाले भन्याको षवर फर्द लेषि हजुरमा चह्राई पठायाको छ जाहेर होला तेस्तरफको पनि हजुरमा जाहेर भयो हो आजसम्म मैले आहा गर्न्या कामकाज र वलांचुको पनि चाहिन्या वन्दोवस्त वेहोरा गर्नालाई आहा वस्याको थिआ अवर यो षवर चेवाले ल्याया पछि अव मैले पनि जान्या हो

भनि पल्टन षजाना असवाफ पनि रवाना गर्दछु. म पनि वैशाषका ४ दिन जांदा आदित्येवारका दिन श्री सम्सेर दल पल्टनको रैट् तुहन र श्री जङ्ग पल्टनसाथमा ली जान्या काम गर्छु. वालुचुंमा पनि आड् छाउनी तयार भयाको छ मकाम धनकुटा शुमम्-

षास भित्र परि आयाको लंगुर पारका विस्तार

श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजीका चिठीको उप्रान्त लासाको मुल्काजि सेठ्या डिगर्चा आयेछ र डिगर्चाको औतारि लामाहरुले काहा जान आयौ भनि भोध्या छन्. गोरखाका चौरी भेडा हाम्रा भोटले लुटि ल्याया छन्. गोर्षाले लडाञी गर्न आट्यो भन्या सुनियो र केरुसम्मलाई जाचबुझ गर्दा गोर्षाले लडन आटेछ भन्या हामीले सहि छुन्या छैन. हामीले पनि लडाञी गर्न पर्ला भनि तेसै सेठ्या काजिले भन्या येस कुराको जांचबुझ गर्न ञाहावाट काजि पठाउला र लडनै पर्ञा षवर ल्यायो भन्दा लस्कर ली पछि जान्या काम गरुंला भनि डिगर्चाका औतारि लामा काजिहरूले भंदा पनि नमानि ३ हजार लामाहरु लाई आठ आठ आना दान दक्षिणा गरि केरु तरफ गयेछ. डिगर्चाको जोक्यां गन्याको काजीलाई घोडा फौज स्मेत ली टिंग्या षलंगामा जाइ चेवा चर्चा बुझी आफ्नु मजगुनि संग वस भनि षटाई गयेछ. रैतानमा पनि २ घरको १ जना कारागरि राषेछ. ल्हासादेखि कुतिकेष र टिंग्या षलगासम्म वरोवर घोडाको डाक राषी तयार भै वस्स्याको छ ल्हासा डिगर्चामा वस्याका हाम्रा नेवार महाजनहरुलाई पनि ञाहा नवस जाउ भनेछ र भरिया षोजि आउ भन्दा भरीया हटकी दियेछ भनि चेवा जान्या मानिसले विस्तार गर्‍याको हो–

वैशाष वदि ७ रोज २ मा

ताहा पछि श्री प्राइममिनिष्टरवाट श्री विर्गेडियेर जनरल षड्गबहादुर कुवर राणाजीलाई लेषी गयाको लगुर पार षजाना असवाफ लैजानालाई पल्टन कंपनीका पिपाषलासि ज्मा चार सये पिपा षलासिले नपुग्दा ताहांका सुवाराई मोहरिया मझिया थरि किर्पटीयाहरुसंग म सल्लाह गरि षजाना वोकनालाई घरहि १।१ जना भरियाको वन्दोवस्त वांधन्या काम वहुत वढीया गर्‍या छौ. यो अकल झिकि भरियाको वन्दोवस्त गर्‍याको कुरा लेषि आउदा तिमीदेषि वहुत षुस भया. मैले ताहा गर्न्या गर्‍याका सुवेदारलाई श्री ५ सर्कारवाट दर्माहा मिलन्याछ भनि लेषि आउंदा मर्जि वमोजिम सुवेदारलाई सुनाउन्या काम गर्‍या भनि लेष्याका कुरालाई येक सुवेदारलाई ञाहावाट मिलन्याछ अर्को सुवेदारलाई भन्या ञाहावाट दर्माहा मिलन्या छैन येक सुवेदारलाई मात्र सुनाउन्या काम गर्‍या वढीया होला सुषिमका राजाका कुरालाई ञाहावाट लेषी गया वमोजिम तरनसल्लह षातिर दारीको तिम्रो चिठी लेषी पठाउन्या काम वढीया भयेछ. चैत्या दर्शक तिलक प्रसाद स्मेत रांगा हान्याका तपसिलका फर्दर टिका भेट मोहरु २ आइपुग्यो श्री हिमालय ध्वज पल्टन चैत शुदि १० रोज ४ का दिन पुगेछ वढीया भयो. वलाङचुमा फौज षजाना रवाना गर्नालाई १।१। २।२ दिनको तफावत गरि तजवीजसंग अफिसर पगरि स्मेत रवाना गर्न्या काम वढिया गर्‍या छौ. वलाचु जानालाई चाहिन्या मानिस सिपाहि राषि जानु पर्छ. पल्टनका नीसान पनि रहन्या. श्री हिमालयेध्वज श्री जङ्ग पल्टनका जागीर असुल तहसिल तहविल पनि ञाहा रहन्या उठी नसक्याको जगेरा षजाना पनि ञाही राषनु पर्‍या छ. कोत तहविलका पहरा चौकिलाई र मुलुकका असुल तहसिललाई सिपाहि कतिसम्म राषि जान्या हो भनि लेष्याका कुरालाई पल्टन पिच्छे १०।१० सिपाहि र ताहाका राइ सुवाहरुलाई पालासंग रहनु भन्दा वंदोवस्त वांधी राषन्या काम गर्‍या वढीया होला. साविकका कारिन्दाको दस्षतका मसौदा आइपुग्यो. तेस्मा छाप गरि पठाइ दिन्या काम गरीयला. ल्हासाका अम्वावाट लेषि आयाको चिठीको नकल र जवाफ गयाका मसौदाको नकल पठाई दियाको छ तेसैले विस्तार बुझौला. वाकिलिस्ति तरफ गयाका श्रीकाली वक्स वर्दवानी पल्टन २ र श्री जनरल धीरसंसेर जङ्ग कुवर राणाजी. कम्पाण्डर कर्णेल पृथ्वीध्वज कुवर राणाजीहरु छोस्यांसम्म पुग्याको रह्याछन् टीगरीवाट अफिररूपन भांट्या सिपाहि ३००० सुनागुम्वा फुटु गुम्वाका झाराली २००० ज्मा जवान ५००० फौज आई वैशाख वदि ४ रोज ६ का दिन ७ मुष गरि वंदुक पटकाई फयेर गरी लडन आयेछ र उनीहरुले अघीवाट फयेर गर्दा हाम्रा फौजले पनि ५ मुष गरि फयेर गरि लड्या छन् लडाञी हुंदा हुदै हिउ परेछ र कम्वर कम्वरसम्म हिउंल छोपदा मर्‍याको येति भन्या

हिसाव आयाको छैन हाम्रा फौजमा र यौटा सिपाहिको पाषीको वषु छेदी गोलि गयेछ जिउमा कसैलाई केही भयेनछ. हाम्रा फौजमा कति पुग्या छन् भोट्याहरु सवै भाग्या छन् कुतिवाट यो षवर आउदा यो कुति सर भयाको षुसिनामाको श्री पसुपति श्री गुह्येश्वरी श्री गोरखनाथ दिगुतले श्री तलेज्यूमा भेटी चह्राई २१ टोषको वढाई भयो ताहा पनि तोप छ भन्या तोपको वढाई गर तोप नभया पलटन कंपनीको यक सलंक वढाई गर्न्या काम गर. आज सम्म भोटको र हाम्रो हात जोरियाको थीयेन अव हात जोडी लडाञी भयो ताहा पनि आफ्नु आड पयेड वलियो गरी सिथारिस गरहन्या काम गर शुभम्—

वैशाष वदि ७ रोज २ मा

यसै वषत श्री प्राइममिनिष्टरवाट श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणाजीलाई लेषि गयाको टिगरिवाट अफिसर रुपन झा सिपाहि ३००० सुना गुम्वा फुटु गुम्वाका झाराली २००० जमा जवान ५००० लाई वैशाष वदि ४ रोज ६ का दिन ७ मुष गरि वंदुक पटकाई फयेर गरि लडन आउंदा पहिले उसले फयेर गऱ्या पछि हाम्रा फौजले पाँच मुष गरि लडदा भोट्याका ६।७ जना घाइत्या वोकि लैगया. कस्वरसम्म हिउ पर्नाले मऱ्याका यति भन्या निश्चय भयाको छैन हाम्रा फौजमा र यौटा सिपाहिका पाषिको वषु छेदी गोलि गयेछ ज्यूमा कसैलाई केहि भयाको छैन हाम्रा फौज कुतिमा पुग्या पछि भोट्याहरु सवै भाग्या कुति सर भयो भन्या विस्तार लेष्याका अर्थ वैशाष वदि ४ रोज ६ का दिन ९ घडी दिन चडदा अडाञी गरि कुति सर गर्न्या काम वहुत वढीया गऱ्या छौ फौजमा षर्च गरी जितन्याको तारिफ हुन्दैन. आपना फौजलाई वचाई लडाञी जिति कुति सर गऱ्याको वुद्धि जमा मर्दि गऱ्याको देषता म वहुतै तिमी देषि षुसि भञा. ञाहा पनि श्री पशुपति श्री गुह्येश्वरी श्री गोरखनाथ श्री दिगुतल श्री तलेज्यूमा भेटी चह्राई २१ तोपको सलामी भयो अवर ताहा लडन आउन्या कुतिका मानिसहरुका हात हतियार वंदुक चापसा कमान भाला छुरी वारूड गोलि रसद सवै ली जमा गरि आफुसंग राषनु. रैतिहरूलाई तिम्रो दस्तावेज वहुतै तरतसल्लह गरी राषनु कुति सहर भित पारि वलियो मजगुति गरि आउ वन्याउन्या काम गरि वहुतै हुसियारीसंग फौज राषन्या वढीया होला शुभम्—

ताहा पछि श्री जनरल धीर सम्सेर जङ्ग कुवर राणाजी कुति तरफवाट रवाना भै काठमांडा थापाथलीमा आइपुग्नु भयो

वैशाष वदी ८ रोज ३ मा

तस्तै विच श्री मिनिष्टर जनरलवाट सिभुका पूजाहारी लामालाई लेषि गयाको तिमीहरु टिगरिमा पुगि धैवु संग भेटघाट गरि ञाहा हामीहरुले भन्या वमोजिमको विस्तार गर्न्या काम वढीया भयेछ ढुंगा गाड्याको सिवाना नाघी गोर्षाको फौज आयाको छ तापनि हामीहरू भोटवाट नाफिऱ्यासम्म गोर्षावाट हात चलाउन्या छैनन् भन्या नालवयेसंग विन्ति गर्न्युन समर्थ श्री कान्छा जनरल साहेवको भन्या कुतितिर चढाई गर्न्या तवर छ भन्या षबर सुनिन्छ थामि वक्सनु भया वढीया होला. ञाहा टिगरीमा वन्दोवस्त गर्न सकन्या भोट्या भारादार कोही छैनन् र हामीहरू ह्लासाका वडा अम्वा स्यापया छेउ जांछौं हामीहरू नफर्क्या सम्म फौज सिवानामा थामि राषनु होला भन्या विस्तार लेष्याका अर्थ तिमीहरू ञाहावाट जादा हुदि हामीहरुको फौज अैले सिवाना नाघी केरुंग तरफ झुगा देषि वढन्या छैन. कुतितिर भैरव लंगुर नाघन्या छैन. भोट कालामा महाजन रैयत गैह्रको लुटपिट हुन्या छैन भोटवाट हतियार नचलाई हाम्रा तरफवाट हात हतियार चलाउन्या छैनन् वैशाषका १५ दिन जांदा-सम्म हाम्रो चित्त बुझन्या गरी भोटवाट घा सलुक गऱ्या भन्या हाम्रा फौज फिऱ्यी आउन्याछ भन्या कुरा गऱ्याको हो. कुति तरफ जान्या फौज छोस्यांमा पुग्याको थियो यसै बीचमा हाम्रा कुतिमा रह्याका महाजनका कोटी ५ भोटका फौजले लुट्याको षबर सुनि हाम्रो फौज कुति तरफ वढदा भोटका फौजका मालिक रूपनले ७ मुष भै फौज ली लडन आई पैले हात छोडदा हाम्रा फौजले पनि हात छोडी लडाञी हुदा ठहर्न नसकी फिरी जांदा हाम्रा फौज कुतिमा पुगिरहेछ भोटका फौजले अघि हाम्रा महाजनका कोटी ५ लुटी अघि भोटले हात छोडी लडाञी गर्न आयाता पनि हाम्रा चित्त बुझन्या गरि भोटले घा सलुक गर्छौं भनि भन्न आया भन्या घा सलुक गर्न्याछ. हाम्रो चित्त बुझन्या गरि घा सलुक गरेनन् भन्या हाम्रा फौज लडन्या छ शुभम्—

वैशाष वदि ८ रोज ३ मा

तस्तै वखतमा श्री प्राइममिनिष्टरवाट श्री मिनिष्टर जनरललाई लेषि गयाको किल्लाभित्र २ घर वनाई षजाना सुकाई संभारसंग राषन्या र केरूंको ठूलो सर्कारीया पालि घरमा रसद राषन्या काम वहुत वढीया गन्या छौं वेरामी १३५ को पूर्जी पठाया छौं आइपुग्यो झुगा तरफको षवर सहित सिकार हिमालयेको विस्तार लेषि पठाउन्या काम वेस गन्या छौ सिंभुका लामा र चेटुंले तिमिलाई लेष्याको भोट्या अक्षरको चिठी विजिनिस पठाई दिया छौ आई पुग्यो तेस चिठीको उतार कागज र तिमीले लेषि पठाउन्या चिठीको जवाफको मसौदा पठाई दियाको छ सो वमोजिम लेषि तिम्रो छाप लगाई सिंभुका लामा र चिटुंलाई पठाई दिन्या काम गन्या वढिया होला झुगा जान्या दोभास्या रामनारान् र सुवेदार सम्सेर ज्मादार जैगंज लीम्वुहरूले ल्यायाको विस्तार लेषि पठाउन्या काम र हाम्रा दोभास्या रामनारान भन्यालाई रोज रुपियाको वन्दोवस्त गरि श्री भाई जनरल जगत्सम्सेरजङ्ग कुवर राणाजीका साथमा राषन्या तजवीज वढीया गन्या छौ रुपिआ रोजको वन्दोवस्त गरि राषिदिन्या काम गर झुगा सर गर्नालाई पल्टन ली भाई ताहा नपुगनाले श्री भैरवनाथ श्री जङ्गनाथलाई तजवीज गरि लेषी पठाया छौ त्यो किल्ला सर गर्नालाई पुराना पल्टन चाहीन्छन अव ता पल्टन ली भाई पनि पुग्या हुन श्री पुराना गोरष पल्टन १ श्री भैरवनाथ पल्टन १ ज्मा पल्टन २ र हलुका ४ तोप पठाई झुगाको कील्ला सर गरि मजगुतिसंग वस्नु भन्या वेहोराको वैशाख वदि ६ रोज १ का दिन तिमी दुई भाइका नाउमा चिठी लेषि पठायाको हो सो वमोजिम गरि झुगा किल्ला सर गर्न्या काम भया वढीया होला शुभम्—

वैशाख वदी ९ रोज ४ मा

तेसै वखत श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेरजङ्ग कुवर राणाजीवाट चह्राई पठायाको आज पुराना गोरष भैरवनाथ पल्टन २ तोप ६ मेजर कप्तान रामआले मेजर कपतान वलभद्र माझी पल्टन ली झुगा गया तोपसंग मेजर कपतान जसधीर सिंह वस्न्यात गया इनी झुगा जान्या सिपाहिहरूले जनही चावल पाथि १ च्युरा पाथि १ सत्तु पाथि १ ज्मा ३ का दरले साथैमा ली हिडाउन्या काम गन्या भोटको जगा आजकाललाई भन्ये हिडँको वेयाम हो भंछन् तर हाम्रो फौजलाई ता आजकालै पन्याका हिंडले पनि १।२ दिन थुनीदा रहेछ मेघले गर्दा कसो कसो हुन्छ भनि सिपाहिलाई पनि येसै तजवीजसंग वोकाआ. चौरी घोडा गदाहा षचरहरूलाई भारी लडाइ अगाडि पल्टन सत्तरमा तोप फेरी पल्टनला जीमा षजाना जाना लस्करका भरीया चौरी घोडा गडाहा षचर वाहा पछि पछाडी गारद गरी झुगा किल्ला दषल गर्न पठाआ. पल्टन झुगा पुगी झुगा सर भयाका २।३ दिन भया पछि म पनि केरूंवाट झुगा गैं रसद वीकटको वन्दोवस्त वांधी फेरी केरूं गैया वस्न्या छु. येस तजवीजले रसद वोकाया दिन यतिसम्म पुग्दो रहेछ. झुगा किल्लामा जान्या फौजलाई मद्दत कुकुर घाटमा १ पल्टन राष्या केरू पासिटारवाट लस्कर झुगा ५ दिनमा पुग्दा रह्याछन् २ पल्टनलाई केरूंवाट झुगासम्म ७ अडा गराई १००।१०० जवान अडा पीछे राषि रसद चलाउन्या काम गन्या येस्कुराले आहादेषि वोझा वोकाई चलाउदा हिमालयको जगा हुनाले सिपाहिलाई दम वढन्या धपेरि पनि हुन्या कोस डेढ कोससम्म हिड्न्या पनि हिडनु पर्न्या हुनाले सिपाहिलाई सान्है तक्लिफ पर्न्या ठहन्याआ र येही तजवीजसंग अडा वांधी राषि दिदा सिपाहिहरूलाई पनि आफ्ना आफ्ना डेरा डंडा नछुटन्या अगाडि पछाडि कामदतलाई पनि हुन्या दिन प्रतिको हाल पनि वुझन्या येही तजवीजसंग सिपाहि षलासिलाई रसद झुगामा चलाउन्या काम गन्या श्री केरूंका रैयेतहरूमा कसै कसैले भन्याको षुलस्त गरि चौरी घोडा गदाहा षचर दिया कोहि कोही ठालुठालुले भन्या अघी तेसरी दियाका छन भनी दोभास्या रामनारान् पान सये षोलाका लिन दिन्या मुषियाले मसंग विन्ति गन्या लुला लंगडा काना षरंडा भारी वोक्न नसकन्या वाहेक हामीले दवाई छपाई राष्यौ भन्या गोर्षा श्री ५ सर्कारवाट लिलाम गर्नु भन्या वेहोराको इनि ठालुहरूसंग मुचुल्का ली धक्स्या जो भयाको चौरी घोडी सामेल हुंदा हुन भनि नीज दोभास्या रामनारान लि दीन मुषियाले मसंग

बिन्ति गर्दा आषिरमा चौरी घोडा गदाहा दिनु हर्कत ढिल हुन लाग्यो भन्या इनै ठालु रैतिहरूसंग मुलुकका लीउलाकी भन्या जस्तो लागिरहेछ. हजुरका तजवीजमा जो ठहर्छ औ मेरा हिफाजतलाई मसंग येक पट्टी सिपाहि रहन्या भयो. स्याफु गोदामको रसद टिमुन्या गोदाममा बसार्नालाई भर पान षोलाका भेडा षसिले बसार्न लाउनु भनी सुबेदार लक्ष्मन अधीकारिलाई षटाई राष्याको छ स्याफुका रसद टिमुन्या बसार्न पनि जुलुं हुन्या छ दुवै ठाउको रसद टिमुन्या गोदाममा जमा भया पछि केरूंमा चकालनलाई मुस्कील पर्न जान्या छ केरूंका चौरी घोडा गदाहा टिमुन्यामा झर्दा रह्यानछन् पछि फौज सरासर केरूंमा आउदा रसद पुगोइनकी भन्या झैं लाग्छ केरूंमा रसद आजकाल बंदेयाकाले पछि आउन्या पल्टनलाई पुग्न जावैन हजुरसंग आउन्या पल्टनमा ३ पल्टन र पिपा होसियार र अफिसर १ अगाडि पठाई डेढ कोसको अडा-बांधी रसद बराबर चलाउदै रह्यापछि भिड पर्न जावैन भन्या मेरो चित्तले देष्या र बिन्ति चढायाको हो जो मर्जि सो बमोजिम गर्दा हुन् मुकाम केरूं शुभम्—

(क्रमशः)